आज मिति २०८२ साल असोज २९ गते वुधवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | [signature] |
| २ | उपाध्यक्ष | श्री सीता राई | [signature] |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | [signature] |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | [signature] |
| ५ | सदस्य | श्री गोपाल राई | [signature] |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | [signature] |
| ७ | सदस्य | श्री राम प्रसाद राई | [signature] |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | - |
| ९ | सदस्य | श्री नविन राई | [signature] |
| १० | सदस्य | श्री सन्तोष राई | [signature] |
| ११ | सदस्य | श्री रोशन मगर | [signature] |
| १२ | सदस्य | श्री बालदिप राई | - |
| १३ | इसदस्य | श्री शान्ति राई | - |
| १४ | सदस्य | श्री सुजता प्रधान | - |
| १५ | सदस्य | श्री भवानी विष्ट | [signature] |
| १६ | सदस्य | श्री मञ्जु भुजेल | - |
| १७ | सदस्य | श्री गोविन्द परियार | [signature] |
| १८ | सचिव | श्री धन कुमार राई | [signature] |
| १९ | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | [signature] |

[signature] प्रमुख प्रशासकीय अधिकृत २०८२।६।२९

[stamp: गाउँ कार्यपालिकाको कार्यालय ... २०७३]

[signature] ०८२।६।२९ अशोक राई अध्यक्ष

**प्रस्तावहरु**

१. गिटी,ढुङ्गा र वालुवाको ठेक्का आह्वान सम्वन्धमा

२. करार सेवामा कर्मचारी छनौटको लागि विज्ञापन प्रकाशन सम्वन्धमा

३. आमचोक वडा नं १० को वडा कार्यालय भवन निर्माणको रनिङ विल भुक्तानी सम्वन्धमा

४. उपभोक्ता समिति गठन,तालिम तथा सम्झौताको कार्यतालिका स्वीकृति सम्वन्धमा

५. पेट्रोल र डिजल खरीदको सम्झौता नविकरण सम्वन्धमा

६. वडा नं.१ को महामारी रोकथाम्मा भएको खर्च रकम भुक्तानी सम्वन्धी

७. वाढी पहिरो पीडितहरुलाई राहत रकम उपलव्ध गराउने सम्वन्धमा

८. आर्थिक सहायता सम्वन्धमा

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल भई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ घ(६) बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका नदी नालाको ढूङ्गा,गिट्टी,बालुवा,माटो,स्लेट तथा खरीढुङ्गा आदी प्राकृतिक एवं खानीजन्य वसस्तुको बिक्री तथा निकासी शूल्क दस्तुर संकलन गर्न सक्ने कानुनी व्यवस्था वमोजिम आमचोक गाउँपालिका वडा नं. २ अफठेरे गैडे क्षेत्रमा रहेको भरौटे माटो (मिक्स गिट्टी ढुङ्गा) खानी क्षेत्र, वडा नं. ८ भई बग्ने खोला, कोशी कोरिडोर पार्कुवा क्षेत्र भई बग्ने दुधकोशी नदी र वडा नं. १० को रानिटार भई बग्ने दुधकोशी नदी दोभान बगर क्षेत्र, वडा नं. ६ बयाङ्ग बजार छेउ जंगल, पसलभञ्ज्याङ्ग बयाङ्ग वीचको खण्ड र वडा नं. ४ र १० को तारेभिर आसपास क्षेत्रबाट ढुङ्गा/गिट्टि/बालुवा/मिक्स गिट्टी माटो संकलन तथा उत्खनन कार्य सञ्चालनका लागि आमचोक गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय कार्यविधि २०७८ को दफा ६ उपदफा (२) अनुसार प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को प्रतिवेदन तयार भएको र स्थानीय सरकार संचालन ऐन को दफा ६२(क) बमोजिम ढूङ्गा गिट्टी, बालुवा, माटो, स्लेट र खरीढुङ्गा आदी प्राकृतिक एवं खानीजन्य वसस्तुको गाउँपालिकाले बिक्री गर्न सक्ने व्यवस्था गरेको हुदा यसरी उत्खनन गर्दा वरपर रहेका बस्तिहरुलाई कुनै असर नपर्ने गरी ठेक्का प्रकिया अगाडी बढाउने ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल भई करार सेवामा तपशिल वमोजिमको कर्मचारी छनौटको लागि २१ दिनको सूचना प्रकाशन गर्ने ।

- गाउँपालिकको आन्तरिक राजश्वको करार कर्मचारीको पारिश्रमिक शिर्षकवाट ५० प्रतिशत तलव भत्ता भुक्तानी गर्ने गरी सामी कार्यक्रमको सामाजिक मनोपरामर्श कर्ता १ जना (सहायक स्तर पाँचौ)
- वडा नं ८ को स्वास्थ्य चौकीमा कार्यालय सहयोगी १ जना(श्रेणी विहिन)
- म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य कार्यक्रम अन्तर्गत घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गर्नको लागि जनस्वास्थ्य अधिकृत १ जना (अधिकृत स्तर सातौ)
- नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा अभियान अन्तर्गत १ जना वैध (सहायक स्तर चौथो)

प्रमुख प्रशासकीय अधिकृत
२०८२/६/२९

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर २०७३

०८२/६/२९
अशोक राई
अध्यक्ष

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल भई मिति २०८१/०३/०९ मा ठेक्का नं:ARM/NCB/WORKS/03/2080-081 "CONSTRUCTION OF WARD OFFICE BUILDING " कार्यको लागि आमचोक गाउँपालिकाको कार्यलय र भिषणहाङ्ग कन्स्ट्रक्सन प्रा.ली. टेम्केमैयुङ्ग को बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसाय बाट तेस्रो रनिङ बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन/हालसम्मको मुल्यांकन वोजिम तपशिल वमोजिमको रकम भुक्तानी दिने ।

- सम्झौता रकमः रु. ७३,२९,५८३।४९ ( मु.अ. क सहित)
- तेस्रो रनिङ बिल बाट आएको रकमः रु.९,७१,२०२।८०
- मु.अ.क (१३ %) : रु.१,२६,२५६।३६
- जम्मा रकम मु अ क सहितः रु १०,९७,४५९।१६
- कन्टिनजेनसि (३%) : रु.३२,९२३।७७
- जम्मा खर्च रकमः रु. ११,३०,३८२।९३
- धरौटि कट्टि रकम(५%) : रु. ४८,५६०।१४
- अग्रिम आय कर (१.५%) :रु १४,५६८।०४
- अन्य कर : रु ३७,८७६।९१
- भुक्तानि हुने रकम : रु. ९,९६,४५४।०७

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल भई आर्थिक वर्ष २०८२/८३ को योजनाहरु कार्यन्वयन गर्नको लागि उपभोक्ता समिति गठन, उपभोक्ता समितिको तालिम सञ्चालन र उपभोक्ता समितिसँग सम्झौताको कार्यतालिका तपशिल वमोजिम स्वीकृत गर्ने ।

तपशिल

| क्र.सं. | उपभोक्ता समिति गठन तथा तालिम सञ्चालन | | | | उपभोक्ता समितिसंग सम्झौता | |
|---|---|---|---|---|---|---|
| | वडा | मिति | स्थान | समय | सम्झौता मिति | सम्झौता स्थान |
| १ | वडा नं १ | कार्तिक २० | वडा भवन | विहान १०:०० वजे | मंसिर ७ गते | वडा भवन |
| २ | वडा नं २ | कार्तिक २१ गते | वडा भवन | विहान १०:०० वजे | मंसिर ८ गते | वडा भवन |
| ३ | वडा नं ३ | कार्तिक २२ | वडा भवन | विहान १०:०० वजे | मंसिर ९ गते | वडा भवन |
| ४ | वडा नं ४ | कार्तिक २३ | नया सामुदायिक | विहान १०:०० वजे | मंसिर १० गते | गाउँपालिका |
| ५ | वडा नं ५ | कार्तिक २४ | वडा भवन | विहान १०:०० वजे | मंसिर ११ गते | वडा भवन |
| ६ | वडा नं ६ | कार्तिक २५ | वडा भवन | विहान १०:०० वजे | मंसिर १२ गते | वडा भवन |
| ७ | वडा नं ७ | कार्तिक २६ | वडा भवन | विहान १०:०० वजे | मंसिर १४ गते | वडा भवन |
| ८ | वडा नं ८ | कार्तिक २७ | वडा भवन | विहान १०:०० वजे | मंसिर १५ गते | वडा भवन |
| ९ | वडा नं ९ | कार्तिक २८ | वडा भवन | विहान १०:०० वजे | मंसिर १६ गते | वडा भवन |
| १० | वडा नं १० | कार्तिक २९ | वडा भवन | विहान १०:०० वजे | मंसिर १७ गते | वडा भवन |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल भई आमचोक गाउँपालिकाको कार्यालयमा रहेको जेनेरेटर, ल्याण्ड क्रुजर, व्याकहोलोडर, एम्वुलेन्स , स्काभेटर र ट्र्याक्टर सञ्चालन गर्नको लागि आवश्यक डिजल र गाउँपालिकाको शाखाहरुमा रहेको मोटरसाइकल, वडाहरुमा रहेको मोटरसाइकल र स्वास्थ्य संस्थाहरुको लागि आवश्यक पर्ने पेट्रोलको आपूर्तिको लागि रंगलक्ष्मी सप्लायर्स, वेलका-९ ,उदयपुरसंग विगत आर्थिक वर्षदेखि सम्झौता गरी खरीद गरिरहेकोमा यस आर्थिक वर्षमा पनि सोहि वमोजिम हुने गरी सम्झौता नविकरण गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

२०८२/६/२९

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर २०७३

०८२।६।२९

अशोक राई
अध्यक्ष

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल भई आमचोक गाउँपालिका वडा नं. १ मा मिति २०८२/०४/१५ गते देखी २९ गते सम्म झाडापखाला लगायत ज्वरो सम्बन्धि रोगहरुले अत्याधिक बिरामि परेको र महामारीको रुप लिएकोले उक्त महामारी व्यवस्थापन गर्न जिल्ला स्तरीय स्वास्थ्य कार्यालप प्रमुख सहितको RRT Team तथा पालिकास्तरीय मेडिकल अधिकृत सहितको RRT Team परिचालन भई महामारी नियन्त्रण गर्दा भएको तपशिल वमोजिमको खर्च रकम नेपाल सरकार वित्तिय समानीकरण अनुदानको विपद व्यवस्थापन शिर्षकवाट तपशिल वमोजिम भुक्तानी दिने ।

तपशिल :

- औषधि वापत रु ८४५८०।०० लोटस फर्मा गाईघाट ।
- Dettol सावुन वापत रु ५०५३५।०० हिमाल बुक्स एण्ड स्टेश्नरी ।
- औषधि ढुवानि वापत रु १२६००।०० महि नारायण चौधरी ।
- खाजा खाना तथा अन्य रु ७१२५०।०० सुदिक्षा राई ।

खर्चको विवरण

| सि नं | बिवरण | जम्मा | कर १.५% | ढुवानि कर १०% | कर कट्टि १५% | भुक्तानि हुने रकम |
|---|---|---|---|---|---|---|
| १ | औषधि खरिद २०८२/०४/२५ lotus pharma, Gaighat, Udayapur, बिल नं. ००८३ | ८४५८० | १२६९ | ० | ० | ८३३११ |
| २ | औषधि खरिद २०८२/०४/२२ गते बिल नं. ११६ र ... | १८०५० | २७१ | ० | ० | १७७७९ |
| ३ | खाना तथा खाजा खर्च | ५१७०० | ७७६ | ० | ० | ५०९२५ |
| ४ | औषधि ढुवानि | १२६०० | ० | १२१० | ० | ११३९० |
| ५ | Dettol सावुन खरिद ७५२ गोटा | ५०५३५ | ७५८ | ० | ० | ४९७७७ |
| ६ | अन्य सामाग्री(सरफ, साबुन, मास्क) | १५०० | २३ | ० | ० | १४७८ |
| जम्मा | | २१८९६५ | ३०९५ | १२१० | ० | २१४६६० |

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल भई मिति २०८२ असोज १८ र १९ गतेसम्म आएको अविरल वर्षादको कारण आमचोक गाउँपालिकामा ठूलो क्षेति भएकोले प्रहरीको सर्जिमिन मुचुल्का र वडा कार्यालयको सिफारिस वमोजिम नेपाल सरकार वित्तिय समानीकरण अनुदानको विपद व्यवस्थापन शिर्षकवाट तपशिल वमोजिम राहत स्वारुप रकम उपलव्ध गराउने ।

तपशिल

| क्र.सं. | नाम | वडा नं | क्षेति | क्षेति रकममा | राहत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | श्री देउ कुमार राई | २ | पहिरोले घर क्षेती | ५००००। | १०००० | दसहजार |
| २. | श्री चिजमाया राई | २ | पहिरोले घर क्षेती | ७००००। | १०००० | दसहजार |
| ३. | श्री सुन्दर राई | २ | पहिरोले घर क्षेती | ५००००। | १०००० | दसहजार |
| ४. | श्री ड्म्वर वहादुर विष्ट | ४ | वर्षातको कारण घर क्षेती | २५२२००। | २५००० | पच्चिसहजार |
| ५. | श्री हाकिम राई | ३ | वर्षातको कारण घर पूर्ण क्षेती | | १०००० | दसहजार |
| ६. | श्री इश्वर मगर | ९ | वर्षातको कारण घर पूर्ण क्षेती | २५००००। | २५००० | पच्चिसहजार |
| ७. | श्री मणि राई | ७ | वर्षातको कारण घर पूर्ण क्षेती | | १०००० | दसहजार |
| | जम्मा | | | | १००००० | एकलाख |

प्रमुख प्रशासकीय अधिकृत
२०८२/६/२९

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालुवा, भोजपुर
२०७३

०८२/६/२९

अशोक राई
अध्यक्ष

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल भई अस्पतालको रेकर्ड र वडाको सिफारिसको आधारमा तपशिल वमोजिम नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट भुक्तानी दिने ।

| क्र.सं | नाम | वडा नं | कारण | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | शान्तिराम वसेत र जुना कार्कीको छोरा | ३ | मुटुको भल्भ फेर्नु पर्ने वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान | ४०००० | चालिसहजार |
| २. | गणेश वहादुर राई र पार्वती राईको छोरी समिक्षा राई | ४ | मृगौला र फोक्सोमा समस्या भई लाइफगार्ड अस्तपताल विराटनगरमा उपचारत | ४०००० | चालिसहजार |
| ३. | वल वहादुर मगरको छोरा निरवहादुर मगर | ९ | २०८२ श्रावण १७ गते ब्रुनाईमा लडेर मृत्यु भएकोले काठमाण्डौवाट घरसम्म लास ल्याउनको लागि | २०००० | विसहजार |
| ४. | धन वहादुर राईको छोरा प्रेम कुमार राई | १० | सवारी दुर्घटनामा परी वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान | ४०००० | चालिसहजार |
| ५. | उत्तम राईको छोरी सजिना राई | ७ | स्कव टाइफस रोगवाट संक्रमित भइ वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचारत | ४०००० | तीसहजार |
| ६. | गुम्मे विकको श्रीमती सर्मिला विक | ४ | कलेजो,फोक्सो र पेटमा संमस्या भइ वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचारत | २०००० | विसहजार |
| ७. | प्रत्य कामिको छोरी लक्ष्मी विक | ३ | मुटु सम्वन्धी रोगी भई नियमित औषधी सेवन गरिरहेको २०८२ श्रावण ४ गते पञ्चकन्या आधारभूत विद्यालयको वरण्डामा मृत अवस्थामा भेटिएको पोष्ट मार्टमको लागि वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा लैजादाको खर्च | २०००० | विसहजार |
| ८. | तुलसी राम सार्कीको श्रीमती सीता सार्की | १० | नसाको विरामी भई हिरा पोलिक्लिनिक सेन्टर प्रालि उदयपुरमा उपचारत | १०००० | दश हजार |
| ९. | दल वहादुर मगरको छोरा अंकित मगर | ८ | मानसिक समस्याको कारण उपचारत | ३०००० | तीसहजार |
| १०. | पदम माया कार्की | २ | मेरुदण्ड सम्वन्धी समस्य भइ वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचारत | २५००० | पच्चिसहजार |
| | जम्मा | | | २८५००० | दुइलाख पचासीहजार |

प्रमुख प्रशासकीय अधिकृत
२०८२/६/२९

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७२

०८२/६/२९
अशोक राई
अध्यक्ष